New York State Education Department
Office of Bilingual Education and World Languages



# न्यूयोर्क राज्यमा अंग्रेजी भाषा शिक्षार्थिहरुको अभिभावकहरुको लागि गाइड

**NEPALI**

प्रिय आमाबाबा / अभिभावक,

अंग्रेजी भाषाभन्दा अन्य घरेलु भाषा भएका  विद्यार्थीहरूलाई समानता र शिक्षामा उत्कृष्टताको लागि अवसर प्रदान गर्न न्यूयोर्क राज्य शिक्षा विभागको द्विभाषी शिक्षा र विश्व भाषाको कार्यालय प्रयासरत छ। यदि तपाईँको बच्चाको घरेलु भाषा अंग्रेजी भन्दा अन्य छ भने र उनि अंग्रेजी सिक्दै वा सिक्ने क्रममा छन भने तपाइको बच्चा द्विभाषी बन्ने छन्। बधाई छ! दोभाषे बच्चाहरुमा अद्वितीय कला र उपलब्धि हुन्छ र अगाडी ठूलो मौका छ। यो न्यूयोर्क राज्य शिक्षा विभाग द्विभाषावादको कदर गर्दछ र तपाईँको बच्चाको पूर्ण भाषा निपुणताको विकास गर्नका लागि सबै भन्दा राम्रो व्यवस्था प्रदान गर्न प्रयासरत छ।

घरेलु वा प्राथमिक भाषा अंग्रेजी  भन्दा अन्य भाषा भएका नयाँ भर्ना गरिएका विद्यार्थीहरु जसलाई अंग्रेजी भाषा प्रवीणता प्राप्त गर्न सहयोगको आवश्यकता छ उनिहरुका लागि उपलब्ध शैक्षिक कार्यक्रमहरु बारे जान्न हामि तपाईलाई निमन्त्रणा गर्दछौ। यी विद्यार्थीहरूलाई अंग्रेजी भाषा शिक्षार्थि (ELLs) वा बहुभाषी शिक्षार्थि (MLLs) भनिन्छ। यी विद्यार्थीहरूको अंग्रेजी कौशल मात्र विकास हुदैन तर दुईपक्षिय वा केही अवस्थामा बच्चाहरु बहुभाषी बन्ने छन भनि हामी मान्छौँ।

न्यूयोर्क राज्य संस्कृति र भाषाको आधारमा संसारको सबैभन्दा विविध ठाउँ हो, २०० भाषा भन्दा अधिक भाषाहरु यसको सीमाना भित्र बोलिन्छन्। एक भन्दा बढी भाषा जान्नु हाम्रो विद्यार्थीहरूको सबैभन्दा ठूलो ज्ञानमा पर्छ। त्यसैले न्यूयोर्क राज्य भरका ELLहरुका लागि शैक्षिक कार्यक्रमको उद्देश्य सबै विद्यार्थीहरु शैक्षिक सफलताको लागि सक्षम छन् भन्ने सुनिश्चित गर्न एक संसाधनका रूपमा घरेलु वा प्राथमिक भाषामा आकर्षित गराउने हो।
यो गाईडमा तपाईको बच्चालाई कसरी ELLका रूपमा पहिचान गरियो, ELL विद्यार्थीहरूको लागि उपलब्ध कार्यक्रमका प्रकार, कहिले विद्यार्थी ELL कार्यक्रम र सेवाहरूबाट बाहिर निस्कन सक्छ, र तपाईले स्थानीय विद्यालयहरुबाट थप जानकारी, सामाग्री, र स्रोतसाधन कसरी प्राप्त गर्न सक्नुहुन्छ भन्ने विषयमा जानकारी पाउनुहुनेछ ।

हामी बच्चाको सामाजिक, सांस्कृतिक र शैक्षिक आवश्यकता अनुसार कुन कार्यक्रम राम्रो मिल्छ निर्धारण गर्न अभिभावक र परिवारले मौलिक भूमिका खेल्छन् भन्ने विश्वास गर्छौं। हामी तपाईसंग साझेदारी गर्न उत्साहित छौँ र यो प्रक्रिया भरि तपाईसंग काम गर्न तत्पर छौं।

एक खुसी, स्वस्थ, र सफल शैक्षिक वर्षको लागि शुभकामना!

निष्ठापुर्वक,,



Angelica Infante-Green

*Associate Commissioner of Bilingual Education and World Languages*
*The Office of Bilingual Education and World Languages*
*New York State Education Department*

# सामग्रीहरूको तालिका


अंग्रेजी बारे सदैं सोधिने प्रश्नहरू

भाषा शिक्षार्थि (ELLs) पृष्ठ १

केन्द्रित कार्यक्रमहरू पृष्ठ २

दोभाषे शिक्षा

• परिवर्तनिय द्विभाषी शिक्षा कार्यक्रम पृष्ठ २

• एक वा दुई-तर्फि दोहरी भाषा कार्यक्रम पृष्ठ २

नयाँ भाषाका रूपमा अंग्रेजी कार्यक्रम पृष्ठ ३

अंग्रेजी भाषा शिक्षार्थि र बहुभाषी शिक्षार्थिका बारेमा मिथक पृष्ठ ५

के तपाईलाई द्विभाषावाद र द्विभाषी शिक्षा बारे तथ्य थाँहा थियो? पृष्ठ ७

तपाईको बच्चाको शिक्षामा भाग लिदै पृष्ठ ९

ELLहरुको अभिभावकहरुको लागि संसाधन पृष्ठ १०




# अंग्रेजी भाषा शिक्षार्थीहरु (ELLs) / बहुभाषी शिक्षार्थीहरु (MLLs) बारे बारम्बार सोधिने प्रश्नहरु

## कसरी मेरो बच्चा अंग्रेजी भाषा शिक्षार्थी (ELL) / बहुभाषी शिक्षार्थी (MLL)को रूपमा पहिचान गरियो?

न्यूयोर्क राज्यमा सबै नयाँ विद्यार्थी भर्ना गर्दा र दुई वर्ष पछि विद्यार्थी पुन भर्ना गर्दा एक घरेलु भाषा प्रश्नावली (HLQ) पूरा गर्न आवश्यक छ। यो HLQ भर्नाको समयमा आयोजित हुनुपर्छ।

एक अनौपचारिक अन्तरवार्ता सहित यो सर्वेक्षणको माध्यमबाट एक योग्य शिक्षक वा अन्य व्यावसायिक कर्मचारी सदस्यले विद्यार्थीको घरमा कुन भाषा प्रयोग गरिन्छ भन्ने थाहा पाउनेछन्। सर्वेक्षण र अन्तरवार्ताले घरमा अंग्रेजी भन्दा अन्य भाषा प्रयोग गरिन्छ भन्ने संकेत गरेमा तपाईको बच्चाले अंग्रेजी भाषा शिक्षार्थीका लागि न्यूयोर्क राज्य पहिचान परीक्षण (NYSITELL) भन्ने एउटा अंग्रेजी भाषा प्रवीणता परीक्षा दिनुपर्छ।

यो NYSITELL को परिणाम तपाईँको बच्चाको अंग्रेजी भाषा स्तर (प्रवेश (शुरुवात), उदयमान, परिवर्तनिया, विस्तारित, र समादेशक) मूल्याङ्कन गर्न प्रयोग गरिन्छ। यदि तपाईँको बच्चाले प्रवेश (शुरुवात), उदयमान (कम मध्यवर्ती), परिवर्तनिय (मध्यवर्ती), वा विस्तारित (विकसित) स्कोर गरेमा उ एक ELL का रूपमा पहिचान हुनेछ । ELLहरु द्विभाषी शिक्षा (BE) वा एक नयाँ भाषाका रूपमा अंग्रेजी (ENL) सेवाहरू प्राप्त गर्न हकदार छन्। यदि विद्यार्थीले समादेशक (दक्ष) स्तरमा स्कोर गरेमा उनी एक ELLका रूपमा पहिचान हुने छैन्न।

यो NYSITELLको परिणामहरुले शिक्षकहरूलाई राम्रो तयारी गर्न र आफ्नो विद्यार्थीहरूलाई राम्रो सेवा प्रदान गर्न मदत गर्दछन्। शिक्षकले यो जानकारी विद्यार्थीको अंग्रेजी भाषा खुबि र सुन्न, बोल्न, पढ्न र लेख्नको लागि पर्ने आवश्यकता पहिचान गर्न प्रयोग गर्दछन्। यी परिणामहरुले विद्यार्थीलाई प्रति हप्ता न्यूनतम कति मिनेटको नयाँ भाषाका रूपमा अंग्रेजी(ENL) चाहन्छ भन्ने मिलाउन स्कूललाई निर्देशन पनि गर्दछन्।

पहिचान प्रक्रिया स्कूल बर्ष पूर्व वा विद्यार्थी भर्ना भएको पहिलो दस दिन भित्र आयोजित हुनुपर्छ।

| स्तर | अंग्रेजी भाषा प्रवीणता स्तरको विवरण |
|---|---|
| **प्रवेश** *(सुरुवात)* | प्रवेश स्तरमा विद्यार्थीको शैक्षिक भाषा कौशल बढाउन सहयोग र संरचनामा ठूलो निर्भरता छ र अझै विभिन्न शैक्षिक प्रसङ्गहरुमा (क्षेत्रहरुमा) अंग्रेजी भाषा प्रवीणता देखाउन आवश्यक भाषा सम्बन्धी मागहरु पुरा भएका छैन्न। |
| **उदयमान** *(कम मध्यवर्ती)* | उदयमान स्तरमा विद्यार्थीको शैक्षिक भाषा कौशल बढाउन सहयोग र संरचनामा केही निर्भरता छ र अझै विभिन्न शैक्षिक प्रसङ्गमा (क्षेत्रहरुमा) अंग्रेजी भाषा प्रवीणता देखाउन आवश्यक भाषा सम्बन्धी मागहरु पुरा भएका छैन्न। |
| **परिवर्तनिय** *(मध्यवर्ती)* | परिवर्तनिय स्तरमा विद्यार्थी शैक्षिक भाषा कौशल विकासमा केही स्वतन्त्रता देखाउँछन्, तर विभिन्न शैक्षिक प्रसङ्गहरुमा (क्षेत्रहरुमा) अंग्रेजी भाषा प्रवीणता देखाउन आवश्यक भाषा सम्बन्धी मागहरु पूरा गर्न अझै बाँकी छ। |
| **विस्तारित** *(विकसित)* | विस्तारित स्तरमा विद्यार्थी शैक्षिक भाषा कौशल विकासमा ठूलो स्वतन्त्रता देखाउँछन् र विभिन्न शैक्षिक प्रसङ्गहरुमा (क्षेत्रहरुमा) अंग्रेजी भाषा प्रवीणता देखाउन आवश्यक भाषा सम्बन्धी मागहरु पुरा हुने क्रम नजिकिदै छ। |
| **समादेशक** *(दक्ष)* | समादेशक स्तरमा विद्यार्थी विभिन्न शैक्षिक प्रसङ्गहरु (क्षेत्रहरुमा) अंग्रेजी भाषा प्रवीणता देखाउन आवश्यक भाषासम्बन्धी मागहरु पुरा भएका छन्। उ अब देखि ELL होइन। |

## केन्द्रित कार्यक्रमहरू

### अंग्रेजी भाषा शिक्षार्थिका लागि उपलब्ध कार्यक्रम के-के हुन्?

हाल न्यूयोर्क राज्यले, राज्य स्कूल जिल्लाहरुमा ELLहरुका लागि दुई अनुमोदित कार्यक्रम मोडेल प्रदान गर्दछ:

1. द्विभाषी शिक्षा
    - परिवर्तनिर द्विभाषी शिक्षा (TBE) कार्यक्रम
    - एक वा दुई-तर्फि दुई भाषि कार्यक्रम (OWDL / TWDL)
2. औपचारिक रुपमा (दोस्रो भाषाका रूपमा अंग्रेजी) वा ESL भनेर चिनिएको नयाँ भाषाका रूपमा अंग्रेजी (ENL) कार्यक्रम

दुवै कार्यक्रम मोडेलले ELLहरुको शैक्षिक उपलब्धिमा सहयोग गर्दछन् तर प्रत्येक मोडेलमा अंग्रेजी र घरेलु वा प्राथमिक भाषा प्रयोग गरिने समयको मात्रा फरक छ। परिवारहरुले बच्चाहरुलाई एक परिवर्तनिय द्विभाषी शिक्षा, एक वा दुई-तर्फि दुई भाषि, या नया भाषाका रूपमा अंग्रेजी कार्यक्रममा भाग लिन लगाउन सक्छन्। यी कार्यक्रम तपाईँको स्थानीय स्कूलमा उपलब्ध छैनन् भने विकल्पको रुपमा आफुले चाहेको कार्यक्रम प्रदान गर्ने स्कूलमा स्थानान्तरणको लागि अनुरोध गर्न सक्नुहुन्छ। ELLहरुले परिवर्तनिय द्विभाषी शिक्षा वा एक वा दुई-तर्फि दुई भाषि कार्यक्रममा ENL मोडेलका विद्यार्थीहरूको जतिनै विशेष ENL निर्देशन एकाइहरू प्राप्त गर्न अनिवार्य छ। न्यूनतम ELLहरुले ENL निर्देशन प्राप्त गर्न अनिवार्य छ। थप जानकारीको लागि: http://www.p12.nysed.gov/biling/docs/Nowithdrawaloptionmemo.pdf जानुहोस्

## द्विभाषी शिक्षा

### परिवर्तनिय द्विभाषी शिक्षा

*परिवर्तनिय द्विभाषी शिक्षा कार्यक्रमले* एउटै घरेलु / प्राथमिक भाषा भएका विद्यार्थीहरुलाई आफ्नो घरेलु / प्राथमिक भाषामा शैक्षिक बिषयहरु सिक्दै गर्दा अंग्रेजीमा बोल्न बुझ्न, पढ्न,लेख्न सिक्ने मौका प्रदान गर्दछ। विद्यार्थीहरूको 'घरेलु / प्राथमिक भाषा उनीहरुले अंग्रेजी सिक्दै गर्दा सबै क्षेत्रमा प्रगति गर्नको लागि उनिहरुलाई मदत गर्न प्रयोग गरिन्छ। TBE कार्यक्रमको लक्ष्य विद्यार्थीहरूले एक पटक प्रवीणता प्राप्त गरिसकेपछि बिना थप सहयोग एक भाषि अंग्रेजी कक्षाको वातावरणमा परिवर्तन हुने मौका प्रदान गर्नु हो। विद्यार्थीहरूको TBE कार्यक्रममा समयसँगै प्राप्त गरेको अंग्रेजी निर्देशनको मात्रा बढे पनि विद्यार्थीहरूलाई द्विभाषावाद विकास गर्ने मौका प्रदान गर्न सधैं घरेलु / प्राथमिक भाषा निर्देशन र सहयोग त्यहाँ हुनेछ।

### एक वा दुई-तर्फि दोहरो भाषा कार्यक्रम

यी कार्यक्रमहरु देशी विदेशी अंग्रेजी बोल्नेहरुलाई द्विभाषेपन (दुई भाषामा राम्रो बोल्ने क्षमता), बहुशिक्षित (दुई भाषामा पढ्न र लेख्न स्कने क्षमता), बोहोरो-सांस्कृतिक क्षमता र गैर-ELL कार्यक्रमका विद्यार्थीहरू बराबरको शैक्षिक प्रवीणता हासिल गर्न मदत गर्नका लागि डिजाइन गरिएको हो।

*एक-तर्फि दोहरो भाषा कार्यक्रम मुख्यतया* एउटै घरेलु / प्राथमिक भाषा र / वा पृष्ठभूमिबाट आउने विद्यार्थीहरूले बनेको हुन्छ। शिक्षकले दुवै अंग्रेजी र घरेलु / लक्षित * भाषामा निर्देशन प्रदान गर्दछन्।

दुई-तर्फि दोहरी भाषा कार्यक्रममा स्देशी अंग्रेजी वक्ताहरु र ELLs दुवैलाई समावेश गरेको छ। शिक्षक वा शिक्षकहरूले दुवै अंग्रेजी र घरेलु / प्राथमिक भाषामा निर्देशन दिन्छन्। धेरै जसो दोहोरो भाषा कार्यक्रममा विद्यार्थीहरूले आफ्नो आधा निर्देशन घरेलु / प्राथमिक भाषामा पाउँछन्र र आफ्नो बाँकी निर्देशन लक्षित भाषामा पाउँछन्। मोडेलको आधारमा अंग्रेजी र घरेलु / लक्षित भाषामा निर्देशनको प्रतिशत फरक हुनेछ।. उदाहरणका लागि, एक ९०% -१०% मोडेलमा निर्देशन धेरै प्रतिशत अंग्रेजी भन्दा अन्य लक्षित भाषामा दिइने छ र ५०% -५०% नपुगे सम्म बढिरहने छ। यी कार्यक्रमहरुको लक्ष्य विद्यार्थीहरूको अंग्रेजीमा र घरेलु / लक्षित भाषामा साक्षरता र प्रवीणता विकास गर्न हो।

** लक्षित भाषा प्राप्त भइरहेको / सिक्दै गरेको दोस्रो भाषा हो।*

**यदि मेरो बच्चाले त्यति धैरै घरेलु भाषा प्रयोग गर्छन् भने के उनले अंग्रेजी सिक्छन् त?**

एक सबैको चासो दुई भाषामा सिक्दा विद्यार्थीहरू भ्रमित हुनेछन् भन्ने हो। ३० वर्ष भन्दा लामो अनुसन्धानले बारम्बार भाषामा कुनै भ्रम छैन भनेर देखाएको छ। वास्तवमा विद्यार्थीको अंग्रेजी विकास गर्नका लागि घरेलु / प्राथमिक भाषाको प्रयोग गर्नु सबैभन्दा प्रभावकारी तरिका हो। साथै दोभाषे शिक्षार्थिहरुले लचिलो मस्तिष्क र तिनीहरूलाई धैरै शक्तिशाली तरिकामा सिक्न मदत गर्ने संज्ञानात्मक कौशलको दायरा विकास गर्दछन्। एक वा दुई-तर्फि दोहरी भाषा कार्यक्रममा निर्देशन दिने भाषा अलग छ, अर्थ विद्यार्थीहरूको विशेष भाषाको लागि कुनै समय वा दिन मिलाएको हुन्छ। जब अभिभावकहरुले कार्यक्रम हेर्नुहुन्छ वहाँहरुले देख्नुहुनेछ कि यो सेटिङ भ्रामक छैन तर विद्यार्थीहरुमा द्विभाषावादको विकास गर्न वास्तवमा अनुकूल छ। अनुसन्धानले दुई-तर्फि दोहरो भाषा कार्यक्रममा दस वर्षको उमेरमा बच्चाहरुले अंग्रेजी एकलभाषि वक्ता बराबर या माथि सफलता प्रदर्शन गर्न सक्छन् भन्ने देखाइएको छ।

**मैले कस्तो पाठ्यक्रम र गतिविधिहरु द्विभाषी कार्यक्रममा हेर्ने आशा गर्नुपर्छ?**

विद्यार्थीहरूले निर्देशनको कहि भाग अंग्रेजीमा र केहि भाग आफ्नो घरेलु/प्राथमिक भाषामा प्राप्त गर्दछन्, तर पाठ्यक्रम गैर-दोभाषि कक्षामा जस्तै छ। विद्यार्थीहरूले कार्यक्रम मोडेलको आधारमा दुवै भाषामा गणित, विज्ञान, भाषा कला , र सामाजिक अध्ययनमा साक्षरता र आन्तरिक ज्ञानको विकास गर्नेछन्। एक दोभाषे र बहुशिक्षित बच्चा दुवै अंग्रेजी र घरेलु/ प्राथमिक भाषामा, बोल्न, सुन्न, पढ्न, र लेख्न सक्षम हुन्छन्। यदि विद्यार्थीमा घरेलु / प्राथमिक भाषामा बलियो साक्षरता सीपहरू छन् भने ती कौशलहरु दोस्रो भाषामा स्तान्तरण हुन्छन्।

## नयाँ भाषाका रूपमा अंग्रेजी कार्यक्रम

यो कार्यक्रममा निर्देशन पहिला दोस्रो भाषा रूपमा अंग्रेजी(ESL) भनेर चिनिएको अधिग्रहण अंग्रेजी भाषामा जोड दिन्छ। एक ENL कार्यक्रममा, भाषा कला र सामग्री-क्षेत्र निर्देशन विशिष्ट ENL निर्देशनात्मक रणनीति प्रयोग गरि अंग्रेजीमा सिकाइन्छ। केही आन्तरिक क्षेत्र कक्षहरु एकीकृत ENL कक्षहरु हुन। विद्यार्थीले बोध समृद्ध गर्न सहयोगको रूपमा घरेलु / प्राथमिक भाषाको प्रयोग र उपयुक्त ELL निर्देशनात्मक सहयोग सहित कोर विषय क्षेत्र र अंग्रेजी भाषा विकास निर्देशन प्राप्त गर्दछन्। एकीकृत ENL कक्षहरु विषय क्षेत्र र ENL प्रमाणित शिक्षकले एक्लै वा प्रमाणित विषय क्षेत्र शिक्षकसंग मिलेर पढाइन्छ। एक्लै पढाइने- ENL कक्षहरुमा अन्य भाषा बोल्नेहरु (ESOL) विद्यार्थीहरूले आन्तरिक विषय क्षेत्रको सफलताका लागि चाहिने अंग्रेजी भाषा प्राप्त गर्न NYS-प्रमाणित अंग्रेजी शिक्षकबाट अंग्रेजी भाषा विकास निर्देशन प्राप्त गर्दछन्। सामान्यतया यो कार्यक्रमले विभिन्न घरेलु / प्राथमिक भाषा पृष्ठभूमिबाट आएका ELL विद्यार्थीहरू जसको एक मात्र साजा भाषा अंग्रेजी हो र त्यसैले दोभाषे कार्यक्रममा भाग लिन नसक्नेहरूको सेवा गर्दछ।

**यि कार्यक्रमहरु बीच के फरक छ?**

दोहोरो भाषा कार्यक्रममा बहुशिक्षा र द्विभाषावादको विकास गर्ने उद्देश्यले निर्देशनको लाािगि दुवै भाषा प्रयोग गरिन्छ। परिवर्तनिय द्विभाषी शिक्षाको प्राथमिक लक्ष्य ग्रेड-अनुसार शैक्षिक कौशल र ज्ञान प्राप्ति सुनिश्चित् गर्न र घरेलु / प्राथमिक भाषाको प्रयोग गरेर अंग्रेजी सिक्ने प्रक्रिया सजिलो बनाउने हो। मुख्यतया ENL कक्षाहरु र मोडेलहरुमा अंग्रेजीमा निर्देशन हुनेछ र घरेलु / प्राथमिक भाषामा सहयोग प्रदान गरिनेछ। विभिन्न कार्यक्रम मोडेलहरुको तुलना गरिएको तालिका निम्न पृष्ठमा हेर्नुहोस्।

| | दोहोरो भाषा कार्यक्रम |
|---|---|
| **प्रयोग भाषाहरु** | धेरै जसो ५०% अंग्रेजी र ५०% घरेलु वा लक्षित भाषा वा ९०% घरेलु वा लक्ष्य भाषा र १०% अंग्रेजी जो ५०% -५०% नपुगे सम्म बढिरहने छ। (कार्यक्रम मोडेलको आधारमा प्रतिशत फरक छ।) |
| लक्ष्य | बहुशिक्षा र द्विभाषा अंग्रेजीमा र घरेलु / लक्षित भाषामा |

| | परिवर्तनिय द्विभाषी शिक्षा कार्यक्रम |
|---|---|
| **प्रयोग भाषाहरु** | अंग्रेजीको प्रयोग बढे पछि घरेलु / प्राथमिक भाषाको प्रयोग कमी हुन्छ |
| लक्ष्य | अंग्रेजी सिक्दै गर्दा पाठ्य सामग्री सिक्न घरेलु / प्राथमिक भाषाको प्रयोग गर्न जारी राख्ने |

| | नयाँ भाषाको रूपमा अंग्रेजी कार्यक्रम |
|---|---|
| **प्रयोग भाषाहरु** | मुख्यतया अंग्रेजी (घरेलु / प्राथमिक भाषा सहयोग अंग्रेजी अधिग्रहणको सुविधाको लागि हो) |
| लक्ष्य | ELLहरु अंग्रेजी प्रवीणता तिर अघि बढ्दै गर्दा तिनीहरूलाई सहयोग गर्ने (स्वीकृत हुन बाँकी छ) |

## मैले कसरी मेरो बच्चाको कार्यक्रमको बारेमा अरु जान्न सक्छु?

न्यूयोर्क राज्यमा, विद्यालयले आफ्नो विद्यालय वा जिल्लामा उपलब्ध विभिन्न ELL कार्यक्रम बारे आमाबाबा र अभिभाबकहरुलाई सूचित गर्न ELLहरुका परिवारको लागि अभिमुखीकरण आयोजना गर्न आवश्यक छ। यो अभिमुखीकरणमा तपाईले ELL कार्यक्रम बारे आफ्नो घरेलु / प्राथमिक भाषामा पाठ्यक्रम र स्तर बारे जानकारी र सामाग्री प्राप्त गर्नुहुनेछ र आवश्यक परे तपाईले एक दोभाषेको सहयोगमा ELL सेवाहरू बारे प्रश्नहरु गर्न सक्नुहुनेछ। यो अभिमुखीकरणको अन्तमा तपाईले आफ्नो बच्चाको लागि निर्णय गर्न जानकारी प्राप्त गरेको पुष्टि गर्न एउटा ELL अभिभावक अभिमुखिकरण जाँचसूची भर्नुहुनेछ। साथै, तपाई पनि आफ्नो बच्चाले प्राप्त गर्ने बिभिन्न सेवाहरूको सन्दर्भमा अन्तिम निर्णय गर्न अनुमति प्रदान गर्ने एक ELL विद्यार्थी नियुक्ति फारम प्राप्त गर्नुहुनेछ। यो जानकारी तपाईँको घरेलु / प्राथमिक भाषामा उपलब्ध गराइनेछ।

## कहिले मेरो बच्चा ELL कार्यक्रमबाट बाहिर निस्कन सक्छन्?

ELLहरु ELL स्थितिबाट बाहिर निस्कन सक्ने चार तरिकाहरू छन्:

| | |
|---|---|
| **ग्रेड K-१२** | NYSESLAT मा कमान/दक्ष स्तरमा अंक प्राप्त |
| **ग्रेड ३-८** | NYSESLAT मा विस्तार / विकसित स्तरमा अंक प्राप्त र एकै वर्षमा NYS अंग्रेजी भाषा कला (ELA) मा ३ वा माथि प्राप्त गर्ने |
| **ग्रेड ९-१२** | NYSESLAT मा विस्तार / विकसित स्तरमा अंक प्राप्त र रेजेन्ट परीक्षामा एकै वर्षमा अंग्रेजीमा ६५ वा माथि अंक प्राप्त गर्ने |
| अपांगता भएका **ELLहरु** | भाषा प्रवीणता निर्धारण गर्न एक मूल्यांकन विधिको रूपमा एउटा वैकल्पिक शैलि प्रयोग गरिनेछ (स्वीकृत हुन बाँकी छ) |

ELL स्थितिबाट जब एक ELL बाहिर निस्किन्छ अनि उ पूर्व ELL हुन्छ। पूर्व ELL हरुले दुई वर्ष सम्म पूर्व E LL सहयोग सेवाहरू प्राप्त गर्नेछन्।

# अंग्रेजी भाषा शिक्षार्थिहरु र बहुभाषी शिक्षार्थिहरु बारे मिथक (ELLs / MLLs)

### मिथक १: लगभग सबै ELLहरु संयुक्त राज्य अमेरिका (USA) बाहिर जन्मेका हुन।

न्यूयोर्क राज्यमा २१५,००० भन्दा बढी ५ देखि १८ वर्षसम्मका अंग्रेजी भाषा शिक्षार्थिहरु (ELLs) स्कूल पढ्छन्। ती मध्ये ६१.५% २०१३-२०१४ NYS सूचना भण्डार प्रणाली (SIRS) अनुसार अमेरिकामा जन्मेका हुन।

### मिथक २: विगतमा आप्रवासीहरु नयाँ भाषाका रूपमा अंग्रेजी (ENL) र दोभाषे कक्षाहरु बिना नै सफल हुन्थे।

समय परिवर्तन भएकोले दोभाषेको ठूलो मूल्य छ। अहिले बच्चाहरूले पहिलेको भन्दा ठूलो शैक्षिक उपलब्धिहरू आवश्यक पर्ने रोजगारि बजार सामना गर्नुपर्छ। स्नातकहरू विश्व अर्थव्यवस्थामा प्रतिस्पर्धी हुनको लागि NYS ले ग्रहण गरेको साधारण कोर ELA स्तरमा उच्च स्तरको भाषा कौशल चाहिन्छ। ELLहरुको आफ्नो घरेलु / प्राथमिक भाषामा ज्ञान लिएकोले शिक्षाकर्मिहरूले ELLहरुको थप शैक्षिक ज्ञान र सीपको विकास र कलेज र रोजगारको लागि तयार गर्न तिनीहरूको पूर्व ज्ञानको आधारमा निर्माण गर्नुपर्छ।

### मिथक ३: ELLहरु सामाजिक रुपमा अंग्रेजीमा परिवर्तित भएपछि तिनीहरू शैक्षिक सफलताको लागि सक्षम हुनेछन्।

ELLहरुले तीन वर्ष भित्र सामाजिक भाषा प्राप्त गर्न सक्छन्, जबकि एक ELLलाई अंग्रेजीमा शैक्षिक प्रवीणता हासिल गर्नको लागि सात वर्ष सम्म लाग्न सक्छ। घरेलु / प्राथमिक भाषामा आर्जन गरेको ज्ञान र साक्षरताको स्तरले विद्यार्थीहरूको अंग्रेजीमा शैक्षिक प्रदर्शन गर्ने दरमा प्रभाव पर्न सक्छ।

### मिथक ४: अंग्रेजी प्रवीणता परीक्षण जस्तै NYS आइडन्टिटि टेस्ट फर ईङ्गलिस लेङगवेज लनर्स् (NYSITELL) वा ईङ्गलिस एज अ सेकेन्ड लेङ्ग्वेज एचिवमेन्ट टेस्ट (NYSESLAT) पास गर्नुको मतलब विद्यार्थीमा स्कूलमा सफल हुन अंग्रेजीमा पर्याप्त दक्षता छ भन्ने हो।

अंग्रेजी दक्ष विद्यार्थीहरूलाई अझै पानि कक्षामा सहयोग र सहायता र / वा शिक्षण सहयोग आवश्यक पर्न सक्छ। आयुक्तको विनियमवलि भाग १५४ अनुसार स्कुल जिल्लाले ELL स्थितिबाट निस्केको दुई वर्ष पछि सम्म विद्यार्थीहरूलाई पूर्व ELL सेवाहरू प्रदान गर्न आवश्यक छ। साथै उनीहरूले ELLबाट निस्केको दुई वर्ष पछि सम्म ELL परीक्षण सहयोग प्राप्त गरिरहन सक्नेछन्।

### मिथक ५: स्कूलमा सफल हुन ELLहरुले सकेसम्म चाँडै संस्कृति अनुसार बुझ्नुपर्छ।

"प्राप्त गर्न परित्याग" गर्नु भन्दा ELLहरुले नयाँ संस्कृति सिक्दै गर्दा उनीहरूको पहिचान कायम राख्न आफ्नो कक्षामा के भइरहेको छ त्यो आफ्नै सांस्कृतिक अनुभवहरु संग जोड्न आवश्यक छ। सबै विद्यार्थीहरूलाई शिक्षकहरूले विद्यार्थीहरूको 'पूर्व ज्ञानको आधारमा निर्माण गर्नुपर्छ। एउटा कक्षामा पाइने विभिन्न सांस्कृतिक अनुभवहरुले सबै विद्यार्थीहरूको लागि शैक्षिक गुणस्तर बढ्छ।

### मिथक ६: बच्चाहरुको घरमा अंग्रेजी र आफ्नो प्राथमिक भाषा मिसियो भने भाषा असन्तुलन र ढिलाइ हुन जान्छ।

होइन यसले भाषा असन्तुलन र ढिलाइ हुदैन। अभिभावकले आफ्ना छोराछोरीसंग बोल्दा जुन भाषा राम्रो बोल्न आउछ त्यही भाषामा बोल्नु महत्त्वपूर्ण छ। मानव मस्तिष्कमा एकैसाथ धेरै भाषाहरु सिक्ने व्यापक क्षमता छ। वास्तवमा सानो उमेरमा दुई भाषा जान्नाको संज्ञानात्मक क्षमता बलियो हुन्छ। दोभाषे हुँनाले विश्व अर्थव्यवस्थामा शैक्षिक र आर्थिक उपलब्धि बढ्छ।

### मिथक ७: बच्चाहरुलाई स्कूलमा आफ्नो घरेलु / प्राथमिक भाषा प्रयोग गर्न र्निरुत्साहित गर्नुपर्छ।

स्कूल जहाँ विद्यार्थीहरुको सहभागिता वृद्धि गर्न विद्यार्थीको घरेलु / प्राथमिक भाषा सुविदा प्रयोग गर्न प्रोत्साहन गरिन्छ। यो अभ्यासले विद्यार्थीको स्वाभिमानमा सकारात्मक प्रभावहरु पनि पर्छन्।

### मिथक ८: छिटो अंग्रेजी भाषा अधिग्रहणमा अंग्रेजी आर्जन परिणाम

विद्यार्थीको घरेलु / प्राथमिक भाषामा निर्देशन दिनाले अंग्रेजी अधिग्रहणमा सुविधा पुग्छ। अंग्रेजीमा सफल हुन बच्चाहरुमा आफ्नो पहिलो भाषामा एक बलियो प्रवाहशिल जग चाहिन्छ। दुई भाषि कार्यक्रमले प्रभावकारी निर्देशनिय दृष्टिकोण प्रदान गर्दछ जस्ले दोस्रो भाषा अधिग्रहण र सामग्री क्षेत्रको ज्ञानको लागि सहयोग गर्दछ, र बच्चाको घरेलु / प्राथमिक भाषा कायम राख्छ।

### मिथक ९: ELLहरुलाई शुरुवात देखि अंग्रेजीमा पढ्न सिकाउनु पर्छ।

अनुसन्धानले पढ्ने कौशल एक भाषा देखि अर्कोमा स्तान्तरण हुन्छ भनेर देखाउँछ। पहिले आफ्नो घरेलु / प्राथमिक भाषामा पढ्न सिकेका विद्यार्थीहरू सफल अंग्रेजी पाठकहरूलाई हुनेछन्।

*स्रोत: अंग्रेजी भाषा शिक्षार्थिहरुको असल मिथक, न्यूयोर्क राज्य संयुक्त शिक्षक अनुसन्धान र शैक्षिक सेवाहरु, २०१५।*



# के तपाईलाई थाँहा थियो?
# द्विभाषावाद र द्विभाषी शिक्षा बारे तथ्य

निम्न द्विभाषावाद र दोभाषे शिक्षाको महत्त्वपूर्ण अनुसन्धान-आधारित तथ्य हो। द्विभाषावादको धेरै संज्ञानात्मक, सामाजिक, र व्यावसायिक लाभहरु छन्:

- विभिन्न अध्ययनहरुको प्रमाणले द्विभाषावादले धेरै क्षेत्रहरु, योजना,समस्या समाधान र,श्रृंखलाबध मानव मस्तिष्क आवश्यक पर्ने कार्यहरू गर्न मस्तिष्कको सुधार गर्दछ।
- द्विभाषी विद्यार्थीहरुमा वातावरण निगरानी गर्ने र केन्द्रित रहने ठूलो क्षमता छ भन्ने देखिएको छ।
- द्विभाषी शिक्षाले सांस्कृतिक प्रचलनको दायरा उल्लेख गर्दछ र सबै विद्यार्थीमा सामाजिक विकास गर्दछ।
- द्विभाषी कार्यक्रमका बच्चाहरुमा आफ्नो बलियो पहिचान र भाषा प्रति महसुस रहन्छ; त्यस्तै उनिहरुको संस्कृतिको प्रतिनिधित्व र इज्जत हुन्छ।
- द्विभाषावाद एक पेशेवर सम्पत्ति हो। बढ्दो विश्व समाजमा धेरै भाषा बोल्ने र लेख्ने क्षमता रोजगारी बजारमा अत्यधिक मूल्यवान छ।
- आफ्नो घरेलु / प्राथमिक भाषामा तपाईँको बच्चाहरुलाई पढेर सुनाउनु अति सुन्दर र प्रभावकारी साक्षरता अभ्यास हो जस्ले उनिहरुको शैक्षिक विकासमा महत्वपूर्ण सकारात्मक प्रभाव पर्दछ।

अमेरिकी बालरोगशास्त्र एकेडेमीले* हालै बहुभाषी बच्चाहरुको सामाजिक नीति प्रतिवेदन जसमा औषधी, मनोविज्ञान, शिक्षा, र भाषा बिज्ञानको क्षेत्रमा व्यापक प्रमाणको आधारमा नयाँ अनुसन्धान संश्लेषणलाई समर्थन गरेकोछ। रिपोर्टले बहुभाषावाद एक अधि बढ्ने सुविधा हो र यो बच्चाको जीवनमा निरुत्साहित गर्ने एक जोखिम कारक होईन भनि निष्कर्षमा निकालेको छ। जानकारीको लागि: http://pediatrics.aappublications.org/content/133/5/e1481.full हेर्नुहोस्

* अप्रिल २८, २०१४. बालरोगशास्त्र मात्रा १३३ , न ५, मे १, २०१४ अनलाइन प्रकाशित।



## मिथक १: मेरो बच्चा दुई भाषाको कारण भ्रमित हुनेछ।

- एकैसाथ दुई वा धेरै भाषाहरु सिक्नाले बच्चाहरु अलमलिदैनन्। दुवै भाषाहरुको कदर गरिने ठाउँमा हुर्केका बच्चाहरुले संज्ञानात्मक, सामाजिक, र संभावित आर्थिक लाभ अनुभव गर्नेछन्।
- एकभन्दा बढी भाषाहरु बोल्ने बच्चाहरुको भाषा सम्झना र ध्यान सम्बन्धित मस्तिष्क क्षेत्रमा मास्पेशि धेरै बाक्लो हुन्छ।
- बहुभाषी बच्चाहरुमा राम्रो कार्यकारी नियन्त्रण हुन्छ (जस्ले योजना,सम्झना, नयाँ वा परानो अवस्था सामना गर्न, र प्रलोभनको प्रतिरोध गर्न सहयोग गर्दछ) र प्रारम्भिक साक्षरता सीपहरू पनि राम्रो हुन्छ।

## मिथक २: द्विभाषी बच्चाहरु जसले शब्दहरूको मिश्रण गर्छन् उनिहरुको भाषा कौशल कमजोर हुन्छ।

- "भाषा मिश्रण" गर्ने द्विभाषी बच्चाहरु कमजोर हुदैनन् तर बस आफ्नो सबै भाषासम्बन्धी स्रोतको प्रयोग गर्दछन्। भाषा विकास गतिशील प्रक्रिया हो जसले दुवै भाषाको प्रयोग गर्छ। ELLहरुको सबै भन्दा शक्तिशाली स्रोत आफ्नो घरेलु / प्राथमिक भाषा हो, र उनीहरूले अंग्रेजी सिक्दै गर्दा यसप्रति आकर्षित हुने संभावना हुन्छ।

## मिथक ३: मेरो बच्चाले अंग्रेजी सिक्ने छैन यदि उ सधैं अर्को भाषाको प्रभावमा छ भने।

- अनुसन्धानले दोस्रो भाषाको विकास गर्न सबै भन्दा राम्रो तरिका पहिलो भाषाको प्रयोग गर्नु हो भनि देखाएको छ। बच्चाहरु बहुशिक्षित बन्दै गर्दा र तिनीहरु दुवै भाषामा सफल हुन राम्रो शिक्षक र शिक्षकर्मि देखि आवश्यक सहयोग प्राप्त गरेर उनीहरु दोभाषे कार्यक्रममा धेरै राम्रो अन्वेषण गर्न सक्छन्।

## मिथक ४: यदि मेरो बच्चा अंग्रेजीसंग मात्र परिचित भयो भने छिटो अंग्रेजी सिक्ने छ।

- घरेलु / प्राथमिक भाषामा पढाइएका विद्यार्थीहरूले छिटो अंग्रेजी सिक्छन् भनेर अनुसन्धानले देखाइएको छ। घरेलु / प्राथमिक भाषामा लिएको ज्ञान अन्य भाषामा स्थानान्तरण हुन्छ। वास्तवमा पहिलो भाषामा पढ्न सिकाईले उच्च स्तरिय अंग्रेजी उपलब्धि प्रवर्धन गर्दछ! (नेस्नल रिडिङग् प्यानल: टिचिङग् चोल्ड्रेन टु रिड, २००६ को रिपोर्ट)

द्विभाषावादको धेरै फाइदाहरु छन्, र न्यूयोर्क टाइम्सका अनुसार "दोभाषे हुनाले मान्छे चलाख बन्छ"।

(किन द्विभाषिगरु चलाख हुन्छन्छन्, NYT, 2012)

पृष्ठ 2-4 मा तपाई न्यूयोर्क राज्य ELLs लागि प्रदान प्रत्येक कार्यक्रम मोडेल बरे थप गहिरो जानकारी पाउनुहुनेछ।

# तपाईंको बच्चाको शिक्षामा सहभागी हुने

## हामीले आमाबाबा / अभिभाबकको रूपमा कसरी हाम्रो बच्चाहरुलाई सहयोग गर्न सक्छौँ?

- आफ्नो बच्चालाई उनको घरेलु / प्राथमिक भाषामा र / वा अंग्रेजीमा  पढिदिनुहोस्। अनुसन्धाने तपाईको बच्चालाई आफ्नो घरेलु / प्राथमिक भाषामा पढिदिनाले अंग्रेजी साक्षरता सीपहरूमा सहयोग मिल्छ भनेर देखाउँछ।
- आफ्नो घरेलयु / प्राथमिक भाषामा तपाईँको बच्चालाई कथाहरू भन्नुहोस्। तपाईँलाई सम्झना रहेका बितेका कुराहरू वा आफ्नो बाल्यकालको कुरा गर्नुहोस्।
- तपाई आफ्नो घरेलु / प्राथमिक भाषाको कदर गर्नुहुन्छ भनेर आफ्नो बच्चालाई देखाउनुहोस्। उनीहरूले अंग्रेजीमा प्रतिक्रिया दिए भने पनि उनीहरूसंग आफ्नै भाषामा बोल्नुहोस्।
- आफ्नो बच्चाको लागि पुस्तकालय कार्ड बनाउनुहोस्, पुस्तकालय जानुहोस् र उपलब्ध छ भने अंग्रेजी वा आफ्नो घरेलु / प्राथमिक भाषाका पुस्तकहरू भाडामा ल्याउनुहोस्।
- तपाईको स्कूलले निर्धारित गरेको अभिभावक-शिक्षक सम्मेलनमा आउने कुरा सुनिश्चित गर्नुहोस्।
- तपाईको आफ्नो बच्चाकको सफलताको लागि सहयोग गर्न विशेष तरिकाहरु बारे जान्न आफ्नो बच्चाको शिक्षक संग एक व्यक्तिगत बैठक निर्धारित गर्नुहोस्।
- हरेक दिन तपाईँको बच्चालाई गृहकार्य गर्नको लागि समय तालिका निर्धारित गर्नुहोस्, सम्भव छ भने अलमल मुक्त शान्त ठाउँ प्रदान गर्नुहोस् जहाँ उनिहरुले काम गर्न सक्छन्।
- संग्रहालयहरुमा परिवार घुम्न जाने योजना बनाउनुहोस्। संग्रहालयको गाइडले तपाईलाई आफ्नो बच्चाहरुसंग प्रदर्शनी घुम्न मदत गर्न सक्छन्। साथै, संग्रहालयहरुले अक्सर स्कूल पछि वा हप्ताहन्तमा सस्तो र / वा निःशुल्क संवर्धन कक्षाहरु प्रदान गर्दछन्।
- संयुक्त राज्य अमेरिकामा अभिभावकहरु शिक्षा प्रणालीको अभिन्न भाग हुन्। तपाईले कसरी भाग लिन सक्नुहुन्छ आफ्नो बच्चाको शिक्षकसंग सोध्नुहोस्।
- आफ्नो अधिकार जान्नुहोस्। न्यूयोर्क राज्य अंग्रेजी भाषा शिक्षार्थिहरुको अभिभावकको लागि अधिकारको बिल हेर्नुहोस्।



**कोलोरिन कोलोराडो**
अंग्रेजी भाषा शिक्षार्थिहरुको परिवार र शिक्षाकर्मिहरुकालागि दोभाषे वेबसाइट जो अमेरिकी शिक्षक संघ (AFT)संगको साझेदारीमा एक परियोजना हो। यसमा अंग्रेजी भाषा शिक्षार्थिगरुलाई सिकाउने विषयमा जानकारी समावेश छ।
.http://www.colorincolorado.org/

**ईन्गेज NY**
EngageNY.org न्यूयोर्क राज्य रेजेन्ट सुधार एजेन्डा समितिको प्रमुख पक्ष कार्यान्वयनको सहयोगका लागि न्यूयोर्क राज्य शिक्षा विभाग (NYSED) द्वारा विकास र कायम गरिएको छ। EngageNY.org सबै विद्यार्थीहरूको लागि कलेज र रोजगारि तयारि शिक्षाको राज्य दृष्टिसम्म पुग्न न्यूयोर्क राज्य भरका शिक्षाकर्मिहरुलाई वास्तविक समयमा व्यावसायिक शिक्षा उपकरण र स्रोतसाधन र सहयोग प्रदान गर्नका लागि समर्पित छ।
https://www.engageny.org/

**नेस्नल क्लेरिङ्ग्हाहुस फर बाईलेङ्ग्युयल : यदि तपाईको बच्चाले दुई भाषामा सिक्छन् भने (पुस्तिका)**
http://ncela.us/files/uploads/9/IfYourChildLearnsInTwoLangs_English.pdf

**नेस्नल PTA: विद्यार्थी सफलताको लागि अभिभावकको गाइड**
http://www.pta.org/parents/content.cfm?ItemNumber=2583

**NYC DOE: ELL परिवार स्रोतहरू**
http://schools.nyc.gov/Academics/ELL/FamilyResources/Activities+For+Parents.htm
http://schools.nyc.gov/Academics/ELL/FamilyResources/default.htm

**न्यूयोर्क राज्य शिक्षा विभाग द्विभाषी शिक्षा र विश्व भषाको कार्यालय**
http://www.p12.nysed.gov/biling/

**सेवा प्रदायकको न्यूयोर्क आप्रवासन गठबन्धन निर्देशिका**
http://www.thenyic.org/sites/default/files/Low_Cost_Immigration_Service_Providers_Final_Draft_6.15.15_0.pdf

**पि.बि.एस किड्स**
http://pbskids.org/

**रिडिङ्ग् रकेट: अंग्रेजी भाषा शिक्षार्थिहरु**
http://www.readingrockets.org/reading-topics/english-language-learners

**टिचर्स फर्ष्ट: ESL / ELL विद्यार्थीहरुको अभिभावकहरुका लागि विचार र स्रोतहरु**
http://www.teachersfirst.com/par-esl.cfm
**द टिचिङ्ग् अफ लेङ्ग्वेज आर्टस् टु लिमिटेट ईङ्ग्लिस प्रोफिसेनट /ईङ्ग्लिस लेङ्ग्वेज लनर्स: मूल बासिन्दाको भाषा कला सिक्ने गुणस्तर**
http://www.p12.nysed.gov/biling/resource/NLA.html

**अमेरिकी शिक्षा विभाग**
http://www.ed.gov/

**USDOE संघीय विद्यार्थी सहायता पोर्टल**
https://studentaid.ed.gov/sa/resources/parents

**हेलपिङ्ग् मई चाहेल्ड सक्सेस्: टूलकिट फर हिस्पानिक फेमेलिस् (अंग्रेजी र स्पेनी)**
http://www2.ed.gov/parents/academic/involve/2006toolkit/index.html

**USDOE हेलपिङ्ह् योर चाहेल्ड सिरिस् (अंग्रेजी र स्पेनी)**
http://www2.ed.gov/parents/academic/help/hyc.html

**जानकार अभिभावकहरु आफ्ना बच्चाहरुको**

**लागि उत्कृष्ट अधिवक्ता हुन्।**

**ELL सेवाहरू बारे प्रश्न र चासोको लागि सम्पर्क गर्नुहोस्:**

**nysparenthotline@nyu.edu**

**(८००) ४६९-८२२४**

प्रश्नका लागि जानुहोस्:

द्विभाषी शिक्षा र विश्व भाषाको कार्यालय (OBEWL)

**http://www.p12.nysed.gov/biling/**

Prepared by the New York State Education Department, Office of Bilingual Education & World Languages in collaboration with CUNY-New York State Initiative on Emergent Bilinguals (NYSIEB).
Special thanks to Dr. Carmina Makar and Dr. Dina López.